# नेपाली भाषा शिक्षण सिकाइमा मोबाइल प्रविधिको प्रभाव र उपयोग

✍ **देवीप्रसाद गौतम**
**(सहायक प्राध्यापक, उर्लाबारी बहुमुखी क्याम्पस, मोरङ)**

**लेखसार**

प्रस्तुत आलेख नेपाली भाषा शिक्षण  सिकाइमा मोबाइल प्रविधिको प्रभाव र उपयोगमा केन्द्रित रहेर तयार पारिएको छ ।  वर्तमान समयमा मोबाइल प्रविधिको आगमनसँगै विश्वभरि नै शैक्षिक अभ्यासमा महत्त्वपूर्ण परिवर्तन ल्याएको छ । नेपाली भाषा शिक्षण सिकाइमा मोबाइल प्रविधिको उपयोगिता र महत्त्वमा केन्द्रित भएर प्रस्तुत लेख तयार पारिएको हो । नेपाली भाषा शिक्षणमा मोबाइल फोनबाट लिन सकिने फाइदाको खोजी गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । लेखमा पुस्तकालीय विधिमा आधारित भई द्वितीयक स्रोतका सामग्री खोजी गरेर वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिबाट गुणात्मक अध्ययन विधिलाई अवलम्बन गरी निष्कर्षमा पुगिएको छ । भाषिक सिपको अभिवृद्धिका लागि मोबाइल उपकरणहरूको प्रयोगलाई मोबाइल लर्निङ (एम-लर्निङ) भन्ने शब्दावलीको  प्रयोग गरिएको पाइन्छ । यो सिकाइको लागि एक नवीन दृष्टिकोण सहज रूपमा उपलब्ध हुने प्रविधि हो । यसले सबै प्रकारका शिक्षार्थीहरूको लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ प्रयोगपरक सिप सिकाइमा सहयोग पुऱ्याउँछ । सबै विद्यार्थीको हातहातमा हुने मोबाइललाई नेपाली भाषाको शिक्षण सिकाइमा प्रयोगमा ल्याउँदा यसले धेरै सकारात्मक अवसरहरू सृजना गर्दछ । तसर्थ यस लेखमा नेपाली भाषिक सिप शिक्षणमा मोबाइल प्रविधिको उपयोगिताको खोजी गरिएको छ ।  मोबाइलको प्रयोगले विद्यार्थीका लागि हरेक शिक्षण सामग्री सहज रूपमा उपलब्ध गराउन सक्छ  भने शिक्षकलाई पनि सिकाइमा प्रभावकारी शिक्षण सामग्री र विधि उपयोग गर्न सहयोग पुऱ्याएको छ । यसमा मोबाइल प्रविधिलाई नेपाली भाषा शिक्षण सिकाइमा प्रभावकारी रूपमा प्रयोग गर्ने उपायहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत लेखले सम्बन्धित क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने तथा यस विषयक्षेत्रप्रति रुचि राख्ने सबैमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**शब्दकुञ्जिका :** एम लर्निङ, डिजिटल शिक्षा, भाषिक सिप शिक्षण, मोबाइल प्रविधि,

**विषय परिचय**

'मोबाइल' अङ्ग्रेजी स्रोतबाट आएको शब्द हो । प्रज्ञा नेपाली बृहत् शब्दकोश (२०८०) ले यसलाई "सँगै लिएर हिँड्न मिल्ने टेलिफोनको उपकरण, डुलुवाफोन" भनेर परिभाषित गरेको छ । शिक्षा क्षेत्रले प्रविधिको तीव्र विकाससँगै नयाँ मोडहरू ग्रहण गर्दै आएको छ । विशेष गरी मोबाइल प्रविधिको विकासले शिक्षा क्षेत्रलाई गहन रूपले प्रभावित पारेको छ । विगत केही दशकमा सूचना प्रविधिका क्षेत्रमा विश्वमा अद्वितीय प्रगति भएको छ । विकसित मुलुकहरूले अत्याधुनिक प्रविधिको विकाससँगै मोबाइल प्रविधिको विकास गरेको र यसको प्रयोगले अन्य जस्तै शैक्षिक क्षेत्रमा पनि ठुलो प्रभाव पार्दै गएको छ । मोबाइल उपकरणहरू  ट्याब्लेट र

स्मार्टफोनको सहज उपलब्धताले शैक्षिक क्षेत्रमा विद्यार्थी र शिक्षकहरूलाई सिकाउने र सिक्ने कुरामा प्रोत्साहित गरेको छ ।

नेपाली भाषा शिक्षणका क्रममा विद्यार्थीहरूलाई भाषिक सिप सिकाउनका लागि मोबाइल शिक्षण प्रविधि प्रयोगमा ल्याउन सकिन्छ । भाषा शिक्षणमा मोबाइलको प्रयोग गरेर भाषिक सिप सिकाउने विधिलाई नै मोबाइल शिक्षण विधि अर्थात् मोबाइल लर्निङ (एम-लर्निङ) भन्ने शब्दावलीको प्रयोग गरिएको पाइन्छ । आजका दिनमा यो विधि भाषिक सिकाइमा निकै उपयोगी हुने देखिन्छ । मोबाइलले सिकारुलाई इन्टरनेटबाट सूचना ग्रहण गरेर सिकाइमा सहयोग पुऱ्याएको छ । मोबाइलको प्रयोग गरेर जुनसुकै बेला जहाँबाट पनि ज्ञानार्जन गर्न सकिन्छ । मोबाइलमा जुम, म्यासेन्जर, गुगल, टिम्स, फेसबुक, च्याट जिपिट, विकिपिडिया, शब्दकोश लगायतका थुप्रै एप्लिकेसनहरू हुन्छन् । यस्ता एप्लिकेसनहरू आवश्यकताअनुसार गुगल प्लेस्टोरबाट डाउनलोड गरेर जतिखेर पनि उपयोगमा ल्याउन सकिन्छ । यी एप्लिकेसनहरूका माध्यमबाट भाषाशिक्षण सिकाइमा अक्षरचिनारी, शब्द लेखन र चिनारी, शुद्धोचारण, शब्दार्थ र वाक्यप्रयोग, लयवाचन र सस्वरवाचन, विभिन्न प्रश्नको उत्तर लेखन आदि सिकाउन सकिन्छ । बदलिँदो परिवेशसँगै पछिल्लो समयमा निकै प्रयोगमा आएको मोबाइल फोन यस्तो सामग्री हो जसले भाषा शिक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । सन् १९८० र ९० को दशकदेखि प्रयोगमा आएको मोबाइल फोनको सहायताले भोकाबुलरी (शब्दावली) सिप बढाउन, ग्रुप मेल गर्न, रेकर्ड सेभ गर्ने लगायतका थुप्रै भाषिक अभ्यास कार्यमा सहयोग पुऱ्याउँछ ।

ल्यापटप वा कम्प्युटर नहुँदा पनि सिकाइ अगाडि बढाउन सकिने, नेटवर्क भएको जुनसुकै ठाउँबाट जेसुकै गरेर पनि अनलाइन सिकाइमा जोड्न सकिने भएका कारण सिकाइमा मोबाइल उपयोगी हुन्छ (Bachore)। नेपाली भाषाशिक्षणमा परम्परागत शिक्षण साधनहरू प्रायः पाठ्यपुस्तकहरू, पाठ्यक्रम जस्ता भौतिक सामग्री, कक्षाकोठाको अन्तरक्रिया तथा सम्पन्न विद्यालयमा निकै खर्चिला मल्टिमिडियाहरूमा निर्भर रहँदै आएको छ । प्रायः सबैसँग सबैतिर उपलब्ध मोबाइल प्रविधिलाई भाषिक सिप सिकाइमा प्रभावकारी ढङ्गले उपयोगमा ल्याउन सकिन्छ भन्ने सोचको विकास अभिभावक, शिक्षक, विद्यालय प्रशासन, विद्यार्थी कसैले पनि विश्वास गरेको पाइँदैन । यस्तो चुनौतीपूर्ण अवस्थामा नेपाली भाषाशिक्षकले सबैलाई साथमा लिएर सकारात्मक परिणाम ल्याउने गरी कार्य गर्नुपर्ने र उक्त व्यक्तिहरूमा भएको गलत मनसायलाई हटाउन सक्नुपर्छ । स्मार्टफोन र इन्टरनेटको पहुँच भएका दुर्गम क्षेत्रहरूमा मोबाइल प्रविधिको प्रयोगले शैक्षिक अन्तराललाई कम गर्न निकै सघाउने हुन्छ ।

आजको डिजिटल युगमा मोबाइल प्रविधि स्वास्थ्य, खेलकुद, गीतसङ्गीत, पर्यटनका

साथसाथै शिक्षा क्षेत्रमा पनि क्रान्तिकारी परिवर्तन ल्याउने साधनको रूपमा उदाएको छ । वर्तमान समयमा नेपालमा मोबाइल प्रविधिको विस्तार तीव्र रूपमा भएको छ । मोबाइल उपकरण विशेष गरी स्मार्टफोनले शैक्षिक सामग्रीको पहुँचलाई सजिलो र व्यावहारिक बनाएका छन् । नेपाल जस्तो विकासोन्मुख देश जहाँका दुर्गम क्षेत्रहरूमा शैक्षिक अवसरहरूको अभाव छ त्यहाँ मोबाइल प्रविधिलाई भाषिक सिप सिकाइका लागि सिकाइ सामग्रीको रूपमा उपयोगमा ल्याउनसकिने देखिन्छ ।

नेपालको कुल जनसङ्ख्याको १३३ प्रतिशत मोबाइल ग्राहक रहेका छन् । हालसम्म ३ करोड ४३ लाख ३२ हजारभन्दा धेरै ग्राहकहरूले मोबाइल ब्रोडब्यान्ड इन्टरनेट चलाइरहेका छन् (आचार्य, २०८१) ।

प्रस्तुत लेखमा नेपाली भाषा शिक्षण सिकाइमा मोबाइल प्रविधिको प्रभाव र उपयोगिता के कस्तो रहेको छ भन्ने कुराको खोजी गरिएको छ । मोबाइललाई अङ्ग्रेजी लगायत थुप्रै भाषामा साथै अन्य विषयको सिकाइमा पनि उपयोगमा ल्याउन सकिने हुन्छ तथापि यसमा नेपाली भाषाशिक्षण सिकाइमा मोबाइलले केकस्तो फाइदा पुऱ्याउँछ भनी खोजी गर्दै यिनै सीमित मान्यताका आधारमा लेखको निष्कर्षमा पुगिएको छ ।

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य नेपाली भाषाशिक्षण सिकाइमा मोबाइल प्रविधिको प्रभाव र शिक्षणमा यसको उपयोगिता खोजी गर्नु रहेको छ ।

**अध्ययनको महत्त्व**

प्रस्तुत अध्ययनमा विद्यालय तहमा नेपाली भाषाशिक्षण सिकाइमा मोबाइल प्रविधिको उपयोगसँग सम्बन्धित छ । सूचना प्रविधिको वर्तमान युगमा मोबाइल सर्वसुलभ र बहुउपयोगी साधन हो । यसै सन्दर्भमा नेपाली भाषाशिक्षणमा मोबाइललाई केकस्ता सन्दर्भमा केकसरी उपयोगमा ल्याउन सकिन्छ र यसका माध्यमबाट प्रभावकारी सिकाइ कसरी गर्न सकिन्छ भनी खोजी गरिएको छ । यस अध्ययनले नेपाली भाषा शिक्षण गर्ने शिक्षक, अन्य विषय शिक्षक तथा यससम्बन्धी चासो राख्ने सिकारुका लागि सहयोग गर्ने भएकाले प्रस्तुत अध्ययनको महत्त्व रहेको छ ।

**अध्ययन विधि र प्रक्रिया**

गुणात्मक अध्ययन विधिको वर्णनात्मक तथा व्याख्यात्मक अनुसन्धान विधिलाई उपयोग गरिएको प्रस्तुत लेखमा नेपाली भाषा शिक्षण सिकाइमा मोबाइल प्रविधिको प्रयोग र उपयोगितासम्बन्धी विषयलाई उठान गरिएको छ । मूलतः यसमा भाषा शिक्षणमा मोबाइल प्रविधिको प्रयोगसम्बन्धी नेपाली तथा अङ्ग्रेजी भाषाका विभिन्न शोध तथा अनुसन्धानमूलक लेखरचनाहरूमा व्यक्त विचारलाई पुस्तकालयीय सामग्रीका रूपमा उपयोग गरिएको छ । यसरी लेखको शीर्षकमा आधारित द्वितीयक स्रोतका सामग्रीलाई अध्ययनको मूल स्रोतका रूपमा लिँदै

लेखको निष्कर्षमा पुगिएको छ । लेखमा सन्दर्भाङ्कन, सन्दर्भसूचीका लागि एपिए सातौँ संस्करणलाई अवलम्बन गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

प्रस्तुत अध्ययन नेपाली भाषाशिक्षण सिकाइमा मोबाइल प्रविधिको उपयोगमा केन्द्रित छ । यस अध्ययनलाई प्रभावकारी बनाउन सिकाइसम्बद्ध शैक्षिक तथा सिकाइ सिद्धान्तहरूलाई अध्ययनको सैद्धान्तिक आधारका रूपमा लिनुपर्ने देखिन्छ । रसियन मनोवैज्ञानिक भिगोत्स्कीको सामाजिक सांस्कृतिक सिकाइ सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक आधारको रूपमा लिइएको छ । यस सिद्धान्तअनुसार संज्ञानात्मक प्रक्रियाहरू सामाजिक विकासका परिणाम हुन् । सिकारुले सामाजिक वातावरणसँगको अन्तरक्रियाबाट सिकेर ज्ञानको रचना आफैँ गर्छ । यस सिद्धान्तअनुसार बालकले सामाजिक, सांस्कृतिक मूल्य मान्यता, रीतिरिवाज, समाजका गन्यमान्य व्यक्तिसँग हुने सङ्गत, छलफल र अन्तरक्रियाबाट सिकाइ प्राप्त गर्छ । यसरी भिगोत्स्कीले शिक्षामा सामाजिक अन्तरक्रियाको महत्त्वलाई जोड दिएको पाइन्छ । मोबाइल प्रविधिले विभिन्न एपहरू र अनलाइन प्लेटफर्महरूमार्फत विद्यार्थीहरू र शिक्षकहरू बिचको सञ्चार र सहकार्यलाई सक्षम पारेर यस अध्ययनलाई सकारात्मक मार्ग प्रस्तुत गर्दछ । पियाजेको रचनावादी सिद्धान्तलाई पनि भाषिक सिप सिकाइका लागि मोबाइल प्रविधिको उपयोगको सैद्धान्तिक आधारको रूपमा लिइएको छ। यसले सिक्नेहरूले अनुभवहरू र अन्तरक्रियामार्फत ज्ञान निर्माण गर्दछन् भन्ने मान्यता राख्छ । मोबाइल प्रविधिले अन्तरक्रियात्मक सन्दर्भहरू प्रदान गरेर रचनावादी सिकाइलाई सहज बनाउँछ । यसकै आधारमा विद्यार्थीहरूले अन्वेषण गर्न, सिर्जना गर्न र सहकार्य गरेर सिक्न सक्दछन् । पियाजेको सिद्धान्तअनुसार, बालबालिकाहरू सक्रिय रुपमा आफ्नै अनुभव र परिवेशसँग अन्तर्क्रिया गरी ज्ञान निर्माण गर्छन् ।

**सामग्री विश्लेषणः परिणाम र छलफल**

नेपाली भाषाशिक्षण सिकाइमा मोबाइल प्रविधिको प्रयोग नेपालका सन्धर्भमा नयाँ पद्धति हो ।अङ्ग्रेजी भाषा शिक्षण सिकाइमा यसको उपयोग हुँदै गरे पनि नेपालमा कोभिडको समयमा अनलाइन सिकाइका लागि बाहेक यसको प्रयोग हुनसकेको छैन । यस लेखमा नेपाली भाषाशिक्षण सिकाइमा मोबाइल प्रविधिको उपयोगका विभिन्न सन्दर्भहरूलाई निम्नानुसार चर्चा गरिएको छः

**भाषा सिकाइमा मोबाइल फोनको प्रयोग**

मोबाइल सबैका लागि सर्बसुलभ र सजिलै पहुँचमा हुने साधन हो । यही कारण यसलाई अनलाइन सिकाइ तथा कक्षाकोठामा प्रत्यक्ष सिकाइको लागि सजिलै प्रयोगमा ल्याउन सकिन्छ । मोबाइलका सेल, ट्याबलेट र स्मार्ट फोन गरी विभिन्न प्रकार छन् ।

सेलफोन सबैभन्दा सुरुमा प्रयोगमा आएको फोन हो । यसबाट फोन , टेक्स्ट मेसेज, आवाज रेकर्ड आदि गर्न सजिलो बनाउँछ । सेल फोनका यी विभिन्न सुविधाहरूलाई भाषिक सिपको सिकाइका लागि कक्षाकोठामा प्रयोग गर्न सकिन्छ । ट्याबलेटमा शिक्षासम्बन्धी एप्स डाउनलोड गरी नेपाली भाषा सिकाइका लागि प्रयोग गर्न सकिन्छ । यसबाट इमेल गर्न र हेर्न, भिडियो हेर्न र बनाउन, फोटो खिच्न र हेर्न, इडिट गर्न, टेक्स्ट् लेख्न, पढ्न, डिजिटल पुस्तक पढ्न र सिकाइको मूल्याङ्कन गर्न समेत प्रयोग गर्न सकिन्छ ।

मोबाइल फोनहरू शैक्षिक उद्देश्यका लागि तयार नपारिनु, धेरै महँगो हुनु, स्क्रिन सानो हुनु (Albers & Kim, 2001) जस्ता समस्या मोबाइलबाट गरिने शिक्षणमा नभएका होइनन् तर ल्यापटपमा भएका सबै सेवासुविधा यसमा सहजै प्रयोग गर्न सकिने हुनाले यसलाई कक्षाकोठामा सिकाइका लागि सजिलै प्रयोग गर्न सकिन्छ । जुम, गुगल, गुगल मिट, ड्राइभ, युटुब, ल्यङ्वेज ट्रान्सलेटर , म्यासेन्जर ,शब्दकोश आदि एप्लिकेसन डाउनलोड गरेर आवश्यकताअनुसार यसलाई प्रयोगमा ल्याउन सकिन्छ । यी एप्लिकेसनका माध्यमबाट आफूलाई आवश्यक पर्ने सामग्री सन्दर्भअनुसार डाउनलोड गर्न, हेर्न र पढ्न्, लेख्न, सम्पादन गर्न, विभिन्न एप्लिकेसनहरू डाउनलोड गरी शब्दकोश हेर्न, शाब्दिक खेल खेल्न, सिकाइको मूल्याङ्कन गर्न, अडियो तथा भिडियो रेकर्ड गर्न, भिडियो हेर्न, फिल्म हेर्न, इमेल पठाउन, अनलाइन पढ्न पढाउन, भिडियो च्याट गर्न, सामाजिक सञ्जाल चलाउन, सम्पर्क गर्न, प्रश्नउत्तर गर्न, गृहकार्य गर्न, क्लास वर्क गर्न, अन्तरक्रिया गर्न जस्ता थुप्रै कार्यहरुको लागि स्मार्टफोनको व्यापक प्रयोग गर्न सकिन्छ ।

**कक्षाभित्र मोबाइल उपकरण किन प्रयोग गर्ने ?**

आजका दिनमा इन्टरनेटको पहुँच भएका स्मार्टफोन र ट्याब्लेट जस्ता मोबाइल उपकरण विद्यार्थी तथा धेरै मानिसहरूको दैनिक जीवनका अभिन्न अङ्ग बनेका छन् । यो विशेष गरी युवा मानिसहरूको हकमा सत्य हो, जसका लागि मोबाइल उपकरणहरू संसारसँग सामान्य रूपमा र विशेष गरी उनीहरूको सामाजिक वातावरणसँग जडान गर्ने प्रमुख साधन बनेका छन्। माध्यमिक र उच्च तहका विद्यार्थीहरूका आफ्नो साथी र परिवारसँग निरन्तर सम्पर्कमा रहनको लागि आफ्ना फोनहरू प्रयोग गर्छन् तर जब उनीहरू कक्षामा प्रवेश गर्छन् त्यहाँ कक्षा अवधिभर प्रायः फोनहरू बन्द गर्नुपर्ने हुन्छ । शिक्षाविद्हरू कक्षामा विद्यार्थीले मोबाइलको प्रयोग गरे यविद्यार्थीको ध्यान सिकाइबाट हटाउने हुन्छ (O'Bannon & Thomas, 2014) । स मोबाइलका माध्यमबाट सिक्न चाहने विद्यार्थीले विद्यालयमा मात्रै होइन घरमा पनि मोबाइल सिकाइका लागि प्रयोगमा ल्याउन पाउँदैन । केटाकेटीले मोबाइलको दुरुपयोग गर्ने, अनावश्यक रूपमा अलमलिने र समय नास गर्ने भन्दै बाबुआमाले शङ्कास्पद रूपले हेर्ने र अविश्वास गर्ने गर्दछन् । सन् २०१९ मा आएको कोभिडका समयमा मात्रै

बालबालिकाले ढुक्कसँग अनलाइन सिकाइका लागि मोबाइल प्रविधिलाई प्रयोगमा ल्याएको पाइन्छ । यस्तो अवस्थामा उपयुक्त नीति बनाएर विद्यालयका कक्षाकोठामा भाषा सिकाइ र अभ्यासका लागि उपयोगमा ल्याउन सकिन्छ ।

यस लेखले नेपाली भाषाशिक्षणको कक्षाकोठामा मोबाइल उपकरणलाई विवेकपूर्ण ढङ्गले प्रयोग गरी विद्यार्थी र शिक्षकका लागि सकारात्मक परिणामहरू ल्याने कुराको खोजी गरेको छ । हामी नेपाली भाषाशिक्षकहरू मोबाइलका माध्यमबाट

१. कक्षामा चित्र, तालिका , विभिन्न सन्दर्भ सामग्री , अडियो र भिडियोहरूको प्रयोग गरी भाषाशिक्षणको कक्षालाई प्रभावकारी बनाउन सक्छौँ ।
२. समूहमा लेख्ने, सुन्ने वा बोल्ने कार्यहरूको लागि मोबाइल उपकरणहरूको प्रयोग गर्दै सहकार्यमूलक गतिविधिहरू सञ्चालन गर्न सक्छौँ ।
३. विभिन्न एप्लिकेसन र अनलाइन साइटहरूबाट प्रामाणिक भाषिक स्रोतहरूको खोजी गरी कक्षागत गतिविधिलाई समृद्ध बनाउन सक्छौँ ।
४. विद्यार्थीको व्यक्तिगत सिकाइलाई प्राथमिकता दिएर सिकाइलाई वैयक्तिक बनाउने र विद्यार्थीको स्वायत्तताको विकास गर्न सक्छौँ ।
५. विद्यार्थीहरूको डिजिटल साक्षरता र कार्यस्थलका लागि आवश्यक अन्य २१ औं
६. शताब्दीका सिपहरूलाई सुधार गर्न सक्छौँ ।
७. विद्यालय बाहिरको जनजीवन र भाषा सिकाइका बिचमा तादात्मीकरण गर्ने
८. गरी सिकारुलाई प्रोत्साहित गर्न सक्छौँ ।

अतः नेपाली भाषाधिक्षण सिकाइका क्रममा मोबाइलका माध्यमबाट अनेक अवसरहरू सिर्जना गरी सिकाइ प्रभावकारी बनाउन सकिन्छ । वर्तमान समय यस्तो बन्दै गएको छ कि जुन मोबाइल उपकरणहरू बिना कार्यान्वयन गर्न कठिन हुन्छ । भाषाको कक्षामा विद्यार्थीहरूलाई मोबाइलको प्रयोग गर्न अनुमति दिँदा विद्यालय र जीवन बिचको दूरीलाई कम गर्न सकिन्छ । यसले शिक्षण अभ्यासहरूलाई वास्तविक संसारसँग तादात्मीकरण गर्न सकिन्छ । मोबाइल प्रविधिको प्रयोगले सिकाइलाई मनोरञ्जनात्मक, प्रभावकारि र जीवन्त बनाउन सक्छ । आजको दुनियामा मोबाइल उपकरणहरू यति सर्वव्यापी छन् कि विद्यार्थीहरू त्यसलाई जीवनका गतिविधिसँग जोडेर दैनिक व्यवहार, समसामयिक गतिविधिहरूका साथै सिकाइलाई सँगसँगै अगाडि बढाउन सक्छन् (Stephens & Pantoja, २०१६) ।

**भाषाशिक्षणको कक्षामा मोबाइल प्रयोगमा शिक्षकको भूमिका**

नेपाली भाषाशिक्षणका क्रममा प्रविधिका रूपमा मोबाइल उपकरणहरूलाई विभिन्न तरिकाले प्रयोगमा ल्याउन सकिन्छ । नेपाली भाषा शिक्षण सिकाइमा मोबाइल प्रविधिको प्रयोग गर्दा भाषा शिक्षककले निम्नअनुसारका महत्त्वपूर्ण भूमिकाहरू पूरा गर्नुपर्छः

१. सामग्री विकासकर्ता

शिक्षकले शैक्षिक सामग्रीका रूपमा मोबाइल अनुप्रयोगहरू (एप्लिकेसन), भिडियो, अडियोहरूको प्रयोग गरी कक्षामा अन्तर्क्रियात्मक अभ्यासहरू सञ्चालन गरी विद्यार्थीलाई विभिन्न ढाँचामा सिक्ने अवसर प्रदान गर्छन् ।

२. मार्गदर्शक

वर्तमान समयमा शिक्षकको भूमिका फेरिएको छ र सिकारुहरूका लागि मार्गदर्शकको रूपमा स्थापित भएको छ । तसर्थ भाषाशिक्षकले मोबाइल प्रविधिको उपयुक्त र प्रभावकारी उपयोगका लागि सही मार्गदर्शन गरी विद्यार्थीलाई सही एप्स तथा अनलाइन स्रोतहरूको चयन गर्न सल्लाह दिन सक्छन् ।

३. कक्षाकोठा व्यवस्थापनकर्ता

भाषाशिक्षण सिकाइका क्रममा मोबाइल प्रविधि प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीले त्यसको दुरुपयोग गरी अनुशासनहीन कार्य गर्छन् कि भनेर शिक्षकले विशेष सावधानी अपनाउनु पर्छ ।कक्षाकोठामा अनुशासन बिग्रन नदिन , अश्लील कार्यहरू हुन नदिन तथा समयसमयमा आइलाग्ने प्राविधिक समस्याहरू समाधान गर्न शिक्षकको भूमिका महत्त्वपूर्ण हुनुपर्दछ ।

४. मूल्याङ्कनकर्ता

शिक्षकले मोबाइल प्रविधिको माध्यमबाट विद्यार्थीको प्रगतिको अनुगमन र मूल्याङ्कन निरन्तर गर्न गर्नुपर्छ । यसले विद्यार्थीको सिकाइसम्बन्धी चुनौती र समस्याको निराकरण गर्न तत्काल पृष्ठपोषण प्रदान गर्छ ।

५. प्रेरक व्यक्तित्व

शिक्षण सिकाइका क्रममा एउटा भाषा शिक्षक सहजकर्ता मात्र नभई एक सशक्त उत्प्रेरक र मोटिभेटर व्यक्तित्व पनि हुनुपर्छ । मोबाइलमा भेटिने विभिन्न एप्स, साइट्स् कसरी खोज्ने, तत्काल आउने समस्याहरूप्रति कसरी सजग हुने, कुनकुन सामग्री कहाँबाट कसरी खोज्ने र प्रयोगमा ल्याउने भन्ने कुरामा शिक्षकले विद्यार्थीलाई प्रेरित गर्नुपर्छ र तिनीहरूको सिकाइमा निरन्तर रुचि जगाउन सक्नुपर्छ ।

६. सहकार्यमूलक शिक्षण

भाषा शिक्षकले विद्यालय प्रशासन र अरू सहकर्मी शिक्षकहरूसँग पनि सिकाइमा मोबाइल प्रविधिको प्रयोगसम्बन्धी सरसल्लाह र परामर्श गरी आफूले जानेका कुराको तालिम दिन पछि पर्नुहुँदैन । यसले विद्यालयमा सहकार्यमूलक शिक्षणको वातावरण तयार भई विद्यालय प्रशासन ,शिक्षक स्टाफ र विद्यार्थीका बिचमा सुमधुर सम्बन्ध

विकास भई सिकाइमामा मोबाइल प्रविधिको प्रयोगका सम्बन्धमा सबैमा सकारात्मक सोचको विकास हुन्छ ।

७. अन्वेषक

भाषा शिक्षकमा अन्वेषणात्मक गुण र सोच हुनुपर्छ । ऊ जाँगरिलो खोजकर्ता हुनुपर्छ । भाषा सिकाइका क्षेत्रमा के कस्तो नवप्रवर्तन , नवप्रयोग तथा नव विधि र पद्धतिको विकास भएको छ त्यसको प्रयोग कसरी गर्ने भन्नेबारे जानकार र अनुसन्धानरत हुनुपर्छ । नयाँ मोबाइल एप्स, उपकरणहरू र प्रविधिको परीक्षण र अन्वेषण गर्न शिक्षकले सक्रिय भूमिका खेल्न सक्छन्। यसले शिक्षण सिकाइलाई नवीन र प्रभावकारी बनाउँछ ।

यसरी गरिएको मोबाइल प्रविधिको सही र सन्तुलित प्रयोगले नेपाली भाषा शिक्षणलाई अझ प्रभावकारी बनाउन सक्छ, र यसमा शिक्षकको भूमिका पनि अत्यन्तै महत्त्वपूर्ण र जीवन्त देखिन्छ ।

**भाषाशिक्षणको कक्षाकोठामा मोबाइल प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीहरू**

हिजोआज मोबाइल सञ्चारको सर्वसुलभ साधन भएको र शिक्षण सिकाइमा पनि मोबाइललाई उपयोग गर्न सकिन्छ। शिक्षकले मोबाइलमार्फत् विभिन्न फोटो, भिडियो तथा लेख्य सामग्रीलाई प्रयोग गर्न सक्छन् । मोबाइलमा नेट जडान गर्न सकिने कारण विषयवस्तुको खोजीमा इन्टरनेटले उल्लेख्य सहयोग पुर्‍याउने हुन्छ (पोखरेल र काफ्ले, २०७६, पृ.१४६) । मोबाइलको प्रयोग गरेर भाषिक सिपको शिक्षण गर्दा निम्न कुरामा सावधानी अपनाउनुपर्छः

१. समय व्यवस्थापनः भाषा सिकाइको कक्षामा मोबाइल प्रयोग गर्दा विद्यार्थीहरूले समयको उचित व्यवस्थापन गर्नुपर्छ । यसले कति समय मोबाइलबाट पढ्ने ,के पढ्ने जस्ता कुराम विशेष ख्याल गर्नुपर्छ । यसले पढाइमा सिकारुलाई एकत्रित गर्न सघाउँछ ।

२. असुरक्षित एप्स र वेब सामग्रीप्रतिको सचेतताः विद्यार्थीहरूले मोबाइलमा हुने असुरक्षित एप्स र अनावश्यक वेबसाइटहरू प्रयोग गर्नुहुँदैन । ह्याकरको पहुँचमा हुने यस्ता सामग्रीले इमेल,मोबाइल बैंकिङ ,एटिएम ,फेसबुक आदिको पासवर्ड, ओटिपी कोडजस्ता व्यक्तिगत सूचना र जानकारीलाई चोरी गरी असुरिक्षत बनाइदिन्छन् । तसर्थ अनलाइन स्रोतहरूको प्रयोग गर्दा व्यक्तिगत जानकारी सुरक्षित राख्ने विश्वसनीय स्रोत मात्र प्रयोग गर्नुपर्छ ।

३. मोबाइल प्रयोग नियमः भाषाको कक्षामा मोबाइल प्रयोगको उचित नियम बनाउनुपर्छ । जथाभावी र जुनसुकै समयमा जसलाई मन लाग्यो त्यसले कक्षामा मोबाइल प्रयोग गर्दा सिकाइ वातावरण खलबलिन जान्छ । तसर्थ मोबाइल प्रयोगको

उचित नियम बनाई सबैले अनिवार्य प्रयोग गर्नुपर्छ भने कक्षामा मोबाइल प्रयोग गर्नु अघि विद्यार्थीले शिक्षकको अनुमति लिनुपर्ने हुन्छ र शिक्षकले पनि कक्षामा विद्यार्थीको सिकाइलाई सहयोग पुऱ्याउने बाहेकका फेसबुक, युटुव आदिका गतिविधि हेर्नुहुँदैन ।

४) शैक्षिक उद्देश्यः भाषा सिकाइको कक्षामा मोबाइलको प्रयोग शैक्षिक उद्देश्य प्राप्तिका लागि हुनुपर्छ। अध्ययन सामग्री हेर्न, नोट्स बनाउन, शैक्षिक एप्स चलाउन, भाषासिकाइमा सहयोग पुर्याउने एप्स, अनलाइन शब्दकोश, गुगल ट्रान्सलेटर र अनलाइन सिकाइ अभ्यासमा सहयोग पुऱ्याउने समग्री प्रयोग गर्नेजस्तो शैक्षिक उद्देश्यमा केन्द्रित हुनुपर्छ । यसको अर्थ शिक्षक विद्यार्थीले नै सामाजिक सञ्जाल, गेम, अन्य गैर-शैक्षिक गतिविधिबाट बच्नुपर्छ केवल शैक्षिक कार्यहरूमा मात्र ध्यान दिनुपर्छ ।

५) शान्त वातावरणः कक्षामा मोबाइल फोन प्रयोग गर्दा कक्षा होहल्लामय सिकाइ कार्य र प्रक्रिया नै खलबलिने भएकाले कक्षाकोठाको वातावरणलाई अशान्त बन्नदिनु हुँदैन। कक्षामा आवाज कम गर्न इयरफोन वा हेडफोन प्रयोग अनिवार्य गर्नु राम्रो मानिन्छ ।

६) समयसीमा पालनाः मनखुसी ढङ्गले जतिखेरसम्म पनि कक्षामा मोबाइल चलाउन दिँदा विद्यार्थीले अनुशासनहीन गतिविधि गर्नसकल्ने भएकाले कक्षाकोठामा शिक्षकले दिएको समयसीमाभित्र मोबाइल प्रयोग गरी सिकाइ गतिविधि र अभ्यास सञ्चालन गर्नुपर्छ । कक्षाकोठाको औपचारिक गतिविधि सम्पन्न भएपछि मोबाइल बन्द गरेर राख्नुपर्छ।

७) निगरानी तथा अवलोकनः शिक्षकले कक्षाकोठामा विद्यार्थीबाट मोबाइलको सही प्रयोग भएको छ कि छैन निरन्तर रूपमा जाँच गर्नुपर्छ । शिक्षकले कक्षामा गैरशैक्षिक गतिविधि रोक्नका लागि र अरू विद्यार्थीको अध्ययन, स्वअध्ययन तथा सिकाइ कार्यमा कसैले अवरोध पुऱ्याएको छ कि छैन भनी विद्यार्थीको गतिविधिको निगरानी र अवलोकन अनिवार्य गर्नुपर्छ ।

यी सावधानीहरूले भाषाशिक्षणको कक्षामा मोबाइल उपकरणको प्रभावकारी र सुरक्षित प्रयोग सुनिश्चित हुनेदेखिन्छ ।

**शब्दभण्डार तथा व्याकरणिक पाठ्यवस्तुको सिकाइमा मोबाइलको प्रयोग**

मोबाइल लगायतका नवीन सूचना प्रविधिका सामग्रीहरू प्रयोग गरेर भाषा शिक्षण सिकाइलाई सरल, सहज , प्रभावकारी, क्रमबद्ध, व्यवस्थित र सुखमय बनाउन सकिन्छ । मोबाइलबाट विभिन्न विधाको सस्वर वाचन सुनाउन र सिकारुमा सस्वर वाचन गर्ने सिपको

विकासमा सघाउ पुऱ्याउन सकिन्छ । अभिनयात्मक सिपको विकासका लागि वाचकको आङ्गिक भावभङ्गी देखाएर सिकारुलाई साहित्य पठनमा आकर्षित गर्न सकिन्छ (ढकाल ,२०७४, पृ.२६४) । शिक्षकले मोबाइलका माध्यमबाट विद्यार्थीहरूको भाषिक तथा व्याकरणिक सिप र ज्ञानलाई सशक्त बनाउन सक्छन् । अक्षर, शब्द, पद, पदावली, शब्दनिर्माण, वाक्य निर्माण, वाक्य परिवर्तन जस्ता व्याकरणका अभ्यास गराउने अधिकांश साइटहरू मोबाइलमा हुन्छन् । कतिपय व्याकरणिक पाठहरू मनोरञ्जनात्मक खेल र हिज्जे खेलमा आधारित गराएर पनि यो सिकाउन सकिन्छ । विभिन्न तस्बिरहरू र अडियो भिडियो क्लिपहरू, अनलाइन पाठहरू र सन्दर्भहरू, वृत्तचित्र ,छोटा चलचित्र, गीत ,चुटकिला, कथाहरू आदिका माध्यमबाट भाषिक तथा व्याकरणिक अभ्यास गराउन र विद्यार्थीलाई सिकाउन सकिन्छ । शब्दकोशका माध्यमबाट शब्दभण्डार, शब्दार्थ तथा व्याकरणको अभ्यास पनि सहजै सिकाउन सकिन्छ ।

**भाषिक सिपको अभ्यासमा मोबाइल प्रविधिको प्रयोग**

कक्षाकोठा वा बाहिर जहाँ पनि सजिलैसँग लैजान र प्रयोग गर्न सकिने हुनाले मोबाइललाई भाषाशिक्षणमा सजिलो गरी प्रयोग गर्न सकिन्छ । जहाँसुकै लिएर जान सकिने र सस्तो पनि हुनाले यसले व्यक्तिगत सिकाइलाई धेरै सहज बनाएको छ । आज मोबाइल फोन सर्वव्यापी भएको छ र यसको उपयोगिता दिनदिनै बढिरहेको छ । मोबाइल फोनको प्रयोगबाट भाषाशिक्षण सिकाइमा धेरै फाइदा लिन सकिन्छ । पीसीभन्दा सस्तो हुने मोबाइलको प्रयोगलाई सिकाइमा सूचना तथा सञ्चार प्रविधिको तेस्रो मोडका रूपमा लिइन्छ । मोबाइल फोन तथा ट्याबलेटमा प्रयोग हुने शैक्षिक एप्सबाट व्यक्तिले आफूले रोजेको विधिका माध्यमबाट सिकाइ सञ्चालन गर्नसक्छन् । हरेक व्यक्तिको सिकाइ प्रक्रिया, सिक्ने समय र क्षमता पनि फरक फरक हुन्छ । व्यक्तिलाई आफ्नै इच्छाअनुसार सिक्न दिँदा सिकाइ दिगो र प्रभावकारी हुन्छ । अन्य प्रविधिलेभन्दा मोबाइलले हरेक व्यक्तिलाई सिकाइका लागि यो अवसर दिने गर्दछ ।

Mahoney (2014) मोबाइलको प्रयोगबाट ब्लगिङ गरेर सुनाइ,बोलाइ, पढाइ र लेखाइ सिपको अभ्यास गराउन सकिने र यसका लागि विद्यार्थीहरूलाई व्यक्तिगत सामग्रीको चयन गरेर प्रेरित गरी कक्षालाई प्रभावकारी बनाउन सकिने धारणा राख्छन् । Facebook, Messenger, WhatsApp, Twitter जस्ता एप्लिकेसन प्रयोग गरेर पनि भाषिक सिपको अभ्यास गराउन सकिने हुन्छ । यी सामाजिक सञ्जालका माध्यमबाट विद्यार्थीलाई गृहकार्य, असाइनमेन्ट र आवश्यक समयमा कक्षाकार्य समेत गराउन सकिन्छ । Cakir (२०१५) का अनुसार मोबाइलमा SMS को प्रयोग गरेर विद्यार्थीमा शब्दभण्डार वृद्धि गर्न, पढाइ लेखाइ सिपको अभ्यास गराउन र कक्षाकोठालाई अन्तर्क्रियात्मक बनाउन सकिने धारणा राख्छन् । Reinders (२०१०: २२) ले विद्यार्थीहरूलाई सन्देशका रूपमा कथा, समाचार, रिपोर्ट र

विभिन्न निर्देशनको प्रयोग गरेर पठन र लेखन सिपको अभ्यास गराउन सकिने बताउँछन् । Norton (२०१४) ले Twitter को प्रयोग गरेर भाषाका सिपहरू सिकाउन सकिने धारणा राखेका छन्।उनले साना साना समूहमा विद्यार्थीहरूलाई विभाजन गरेर Twitter तोकेका वा सोभन्दा कम अक्षर प्रयोग गरी पाठको सारांश गर्न तथा यसबारे छलफल गराउन सकिने विद्यार्थीलाई सप्ताहन्तमा तिमीले के गऱ्यौ ? भनी प्रश्न गरेर उनीहरूलाई सप्ताहन्तका फोटोहरू ट्विट गर्न लगाउने र छलफल गराउन सकिने; विद्यार्थीहरूलाई उनीहरूले Twitter मा फलो गरेका कुनै व्यक्तिको वर्णन गर्न, तिनीहरूलाई फलो गर्ने कारणहरू बताउन, दैनिक रूपमा उनीहरूको ट्विट पढेनपढेको भनी छलफल गर्ने गरेर सिकाउन सकिने मान्यता उनको छ ।

मोबाइलले विद्यार्थीलाई भाषापाठ्यवस्तुको स्वाध्ययनमा सहयोग पुऱ्याउन, ज्ञानको आदानप्रदान गर्न, अनुभव र अभ्यासहरू साटासाट गर्न, शिक्षण विधि प्रविधिको उपयोग गर्न सहयोग पुऱ्याउँछ । मोबाइलका माध्यमबाट प्रविधिमैत्री भाषा शिक्षण सिकाइ गरी समग्र शिक्षाको विकासमा सहयोग पुऱ्याउन अहिले ई-लाइब्रेरी, ई-बुक, ई-न्युज, ई-एजुकेसन, ई-मेथोडोलोजी आदिको उपयोग गरी भाषाशिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।

संवाद शिक्षण गर्न, लयवाचन र सस्वरपठन शिक्षण गर्न, शुद्धोच्चारण, शब्दार्थ र वाक्य रचना शिक्षण गर्न, सिकारुमा खोजी गर्ने बानीको विकास गर्न, संसारमा भए गरेका राम्रा र सफल भाषाशिक्षण अभ्यासलाई कक्षा शिक्षणमा भित्र्याउन आधुनिक सूचना तथा प्रविधिका रूपमा मोबइलको प्रयोग आवश्यक देखिन्छ । भाषाशिक्षणमा मोबाइलकै माध्यमबाट आधुनिक प्रविधिहरू जस्तैः मल्टिमिडिया, अनलाइन करिकुलम, डिजिटल लाइब्रेरी, प्रोजेक्टर, युट्युब, ई कन्फरेन्स आदिको प्रयोग गरी भाषा शिक्षणको स्तर अभिवृद्धि गर्न सकिन्छ ।

जहिल्यै पुस्तक अभावको समस्या झेलिरहने हाम्रो देशमा मोबाइल भाषाशिक्षणसँग सम्बन्धित भौतिक भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक, शिक्षक निर्देशिका आदिको विकल्प बन्न सक्छ । अनलाइन प्रविधिबाट उक्त आवश्कता पूरा गरी यसबाट यी सामग्री छपाइका लागि आवश्यक पर्ने ठुलो धनराशी बचाउन सकिन्छ। छपाइको समस्या, वितरणको समस्या, महँगो र च्यातिने डर सधैं रहिरहन्छ । यसका साथै भाषाशिक्षणका लागि आवश्यक पर्ने विविध सन्दर्भ सामग्री समेत तुरुन्तै प्राप्त गर्न सकिन्छ । यसबाट श्रम र समय दुबैको बचत हुन्छ ।

**भाषिक कार्यकलापमा मोबाइल प्रविधिको उपयोग**

मोबाइलमा ई-लर्निङका माध्यमबाट भाषा शिक्षण सिकाइ र भाषाशिक्षकका लागि पेसागत क्षमता विकासमा सघाउ पुग्छ । आ-आफ्नो कार्यक्षेत्रमा बसेर इन्टरनेटको मद्दतले भर्चअुल क्लास रुममार्फत भाषा शिक्षण सिकाइ र पेसागत क्षमता विकासका कार्यक्रमहरू सहज रूपमा सञ्चालन र उपयोग गर्न सकिन्छ। सिकारूलाई भाषा शिक्षण सिकाइ कार्यमा

सक्रिय सहभागी गराउन, विश्वमा भए गरेका भाषासम्बन्धी नयाँनयाँ खोज एवं अनुसन्धानलाई इमेल, इन्टरनेट, फेसबुक, ट्विटर, इमो, भाइबर आदिको माध्यमले सहजै पहुँचभित्र पार्न, गुगल सर्च गरी शिक्षण विधि तथा प्रविधिका नवीनतम अभ्यासहरूलाई हामी सजिलै हेर्न, अध्ययन गर्न र भाषा शिक्षणमा प्रयोग गर्न र नयाँ नयाँ खोज अनुसन्धानबाट प्राप्त भएका उपलब्धिलाई कक्षा शिक्षणमा प्रयोग गर्न पनि मोबाइलले सहयोग पुऱ्याउने गर्दछ ।

मोबाइल र यसमा हुने युटुब, फेसबुक, मेसेन्जर, विकिपिडिया, गुगल, शब्दकोश र अनुवाद जस्ता विभिन्न एप्सको प्रयोगबाट नेपाली भाषा शिक्षण सिकाइमा निम्न कृयाकलाप अगाडि बढाउन सकिन्छ :

१. शिक्षक र विद्यार्थी अलग अलग ठाउँमा बसेर विद्युतीय सामग्री टिम्स जुम, गुगल क्लास, टिभी, रेडियो , युटुब तथा यस्तै विद्युतीय सामग्रीको प्रयोग गरी कक्षा कार्यकलाप अगाडि बढाउन सहज हुन्छ ।
२. शिक्षकले कक्षा निर्माण गरी विद्यार्थीलाई त्यसमा जोडिन आग्रह गरी कक्षा कार्यकलाप अगाडि बढाउन सहज हुन्छ ।
३. शिक्षकले विद्युतीय सामग्रीबाट पाठ्यसामग्रीको जानकारी गराई त्यसैमा आधारित रहेर छलफल तथा कक्षा कार्यकलाप सुचारु गर्न सहज हुने ।
४. आवश्यक मात्रामा शिक्षकले विषयवस्तु वा पाठ्यसामग्रीको प्रदर्शन गरी व्याख्या विश्लेषण गरिसकेपछि विद्यार्थीबाट आएका समस्या समाधान सहज हुने ।
५. विद्यार्थीलाई भाषिक सिप विकासका लागि व्यक्तिगत वा सामूहिक कार्य गराई कक्षामा प्रस्तुत गर्न सहज हुने ।
६. विद्यार्थीले आवश्यक पाठ्यसामग्री गुगलमा सर्च गरेर प्राप्त गरी सोहीअनुसार विद्यार्थीमा पाठ्यसामग्रीको खोजी गर्ने बानीको विकास गर्न सहज हुने ।
७. ई-लर्निङ प्रक्रियामा विद्युतीय सामग्रीको मात्र उपयोग गरी शिक्षण कार्य अगाडि बढान सकिने ।
८. आवश्यक मात्रामा कक्षाको बिच बिचमा वा अन्त्यमा शिक्षकले पृष्ठपोषण दिन सहज हुने ।
९. कक्षा कार्यकलापलाई व्यवस्थित गर्न विभिन्न साधनको प्रयोग गर्न सकिने
१०. भाषाशिक्षण विधिका रुपमा मोबाइल विधिको प्रयोग युटुब, फेसबुक, मेसेन्जर, विकिपिडिया, गुगल शब्दकोश र अनुवाद जस्ता एप्सको प्रयोग गरेर शिक्षण सिकाइ कार्यकलाप अगाडि बढाउन सकिने।

**भाषिक मूल्याङ्कनमा मोबाइल प्रविधिको उपयोग**

मोबाइललाई भाषिक मूल्याङ्कनको साधनको रूपमा पनि प्रयोग गर्न सकिन्छ । यसका माध्यमबाट शिक्षकले पाठ्यसामग्रीको प्रस्तुतीकरण गरिसकेपछि विद्यार्थीले के कति भाषिक ज्ञान हासिल गरे ? भाषा शिक्षण सिकाइका उद्देश्य प्राप्त भए भएनन् भनी भाषिक मूल्याङ्कन गर्न पनि मोबाइल विधिले सहज बनाउँछ । भाषाशिक्षणमा मोबाइल विधिबाट भाषिक मूल्यङ्कन

गर्दा निम्नअनुसार गर्न सकिन्छः

१. विद्यार्थीलाई कुनै पाठ्यांशको जानकारी दिइसकेपछि विद्यार्थीको धारणा केकस्तो रह्यो मौखिक रुपमा सोधेर,
२. पाठ्यवस्तुबारे विद्यार्थीलाई आफ्ना धारणा राख्न लगाएर,
३. विद्यार्थीहरुलाई भाषिक सामग्रीमा आधारित रहेर टर्म पेपर तयार पारेर प्रस्तुतीकरण गर्न लगाएर,
४. विद्यार्थीहरुलाई कुनै भाषिक सामग्रीलाई स्लाइड बनाई कक्षामा प्रस्तुतीकरण गर्न लगाएर,
५. क्षेत्र कार्य, स्थानीय पुस्तकालय तथा प्रयोगशाला, सामाजिक सर्वेक्षण, पठपाठन तथा कक्षा अवलोकनबाट पनि मूल्याङ्कन गर्न सकिने
६. परियोजना कार्य, समूहकार्य, कक्षा कार्यलगायतका कार्य गर्न लगाएर

भाषा शिक्षणमा नयाँ नयाँ विधि र पद्धतिहरूको प्रयोगका साथै प्रविधिलाई समेत समयानुकूल प्रयोग गर्नु पर्दछ । मोबाइलकै माध्यमबाट शैक्षणिक अन्तरक्रियाका लागि प्रयोग हुने शैक्षिक सामग्रीहरू जुम, गुगल ड्राइभ, गुगल फाराम, फेसबुक ,फेसबुक म्यासेन्जर, युट्युब, इमेल, गुगल स्लाइड, क्यालेण्डर चलाउन र सिकाइ प्रक्रियालाई जीवन्त ढङ्गले सञ्चालन गर्न सकिन्छ । कोरोनाका कारण लकडाउन भई घरमै बस्नु परेका अवस्थामा कक्षामा भौतिक रूपमा उपस्थिति हुन नसकेका गवस्थामा अनलाइन कक्षा, भर्चुअल कक्षा तथा छलफल मोबाइलबाटै लिएर सिकाइ प्रक्रियालाई निरन्तरता दिएको ताजा उदाहरणबाट पनि यो पुष्टि हुन्छ । तसर्थ साना कक्षादेखि माथिल्ला कक्षासम्म मोबाइललाई उपयोगमा ल्याउन सकिन्छ ।

## निष्कर्ष

नेपाली भाषा शिक्षण सिकाइका क्षेत्रमा वर्तमान समयमा मोबाइल प्रविधिको प्रयोगले सकारात्मक परिवर्तन ल्याएको छ । शिक्षण सिकाइ प्रक्रियामा प्रविधिको प्रयोगले शैक्षिक सामग्रीको सहज पहुँच, सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता, नेपाली शिक्षकहरूको भूमिका परिवर्तनमा महत्वपूर्ण योगदान पुर्‍याएको छ । ल्यापटप, कम्प्युटर, ओभरहेड प्रोजेक्टर , स्मार्ट बोर्ड जस्ता महँगा प्रविधिको प्रयोग सबै शिक्षकका लागि उपयोगी बन्न सक्दैनन् । प्रविधि सम्पन्न विद्यालयका शिक्षकले जस्तो ठुला प्रविधिको प्रयोग गर्न सक्दैन । यसले सम्पन्न र विपन्न विद्यालयका शिक्षकका बिचमा डिजिटल विभाजनको अवस्था सिर्जना गरिदिन्छ । यस्तो अवस्थामा मोबाइललाई नेपाली भाषाशिक्षण सिकाइको विकल्पका रूपमा लिन सकिन्छ । यसका लागि नेपाली भाषिक सिप सिकाइलाई मोबाइल प्रयोगबाट प्रभावकारी बनाउन शिक्षकहरूलाई तालिम दिनु आवश्यक देखिन्छ । मोबाइल प्रविधिको अधिकतम उपयोग गर्नका लागि नीति निर्माताहरू, शैक्षिक संस्थाहरू, सामुदायिक स्तरमा सहकार्य र सहयोग आवश्यक देखिन्छ ।

सिकाइमा डिजिटल विभाजन जस्ता चुनौतीहरू समाधान गर्न, गुणस्तरीय सिकाइ सामग्री तयार गर्न मोबाइल प्रविधिलाई प्रयोगमा ल्याउन सकिन्छ । यस लेखले नेपाली भाषिक सिप सिकाइमा मोबाइल प्रविधिको प्रयोगको महत्व र यसको प्रभावकारिता दर्साउँदै नेपाली भाषा शिक्षण र सिकाइमा एउटा गौरव स्तापित गर्ने देखिन्छ ।

यसरी नेपाली भाषाशिक्षण सिकाइमा मोबाइल प्रविधिको प्रयोगले शिक्षण प्रक्रियालई सरल, प्रभावकारी र पहुँचयोग्य बनाएको छ । यसले शिक्षण विधिमा नयाँ आयाम थपेको छ र विद्यार्थीहरूको सिकाइ अनुभवलाई समेत सुधार गरेको छ । यद्यपि, यसको प्रभावकारी प्रयोगका लागि प्रविधिगत चुनौतीहरूको समाधान र उचित निर्देशनको आवश्यकता छ ।

## सन्दर्भसामग्री सूची


आचार्य , केशव (२०८१).मोबाइलको विकास र माइक्रोइन्स्योरेन्सको सहजीकरण. *हिमालय टाइम्स*.२०८१/४/१५)

प्रज्ञा नेपाली बृहत् शब्दकोश (२०७९).नेपाल प्रज्ञा प्रतिष्ठान.

ढकाल, शान्तिप्रसाद(२०७४).*नेपाली भाषा शिक्षण* : परिचय र प्रयोग. पिनाकल पब्लिकेसन

पोखरेल, केशवराज र  काफ्ले, उमेश (२०७६).*नेपाली भाषाशिक्षण.* क्याम्ब्रिज पब्लिकेसन,काठमाडौं

Cakir, I. (2015). Opinions and attitudes of prospective teachers for the use of mobile phones in foreign language learning. Contemporary Educational Technology, 6(3), pp. 239–255.

Mahoney, D. (2014). Using blogging as a resource. In: J.C. Richards, ed., *Key Issues in Language Teaching*. Cambridge: Cambridge University Press

Reinders, H. (2010). Twenty ideas for using mobile phones in the language classroom. *English Teaching Forum [online]* 48(3), pp. 20–33. Available at: http://files.eric.ed.gov/fulltext/EJ914893.pdf

Houston Heflin, Jennifer Shewmaker, Jessica Nguyen (2017).Impact of mobile technology on student attitudes, engagement, and learning. Computers & Education

Mebratu M.B. (n.d.) Department of Languages and Communication Studies, College of Social Sciences and Humanities,Hawassa University,Hawassa, Ethiopial

Albers, M., & Kim, L. (2001). *Information design for the small-screen interface: an overview of web design issues*